# गुलरिया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा) गुलरिया, बर्दिया
## प्रदेश नं.५ नेपाल

प.सं.२०७५।०७६
च.नं. ९५०
मितिः२०७५।०९।२४

सम्बन्धित सबै।

**विषयःविज्ञापन प्रकाशन गरिएको बारे।**

प्रस्तुत विषयमा यस गुलरिया नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आ.व.२०७५।०७६को लागि नगरपालिकाको स्रोतबाट पारिश्रमिक उपलब्ध गराउने गरी तपशिल बमोजिम शिक्षक व्यवस्थापन गर्नुपर्ने भएकोले योग्य उम्मेदवारहरुले प्रमाणपत्रका प्रतिलिपी सहित नगरपालिकाबाट निर्धारण गरिएको फाराम भरी सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र)दिन भित्र गुलरिया नगरपालिका अन्तर्गत शिक्षा,युवा तथा खेलकुद शाखामा दरखास्त फाराम पेश गर्नको लागि नगर शिक्षा समितिको मिति २०७५।०९।११को निर्णयानुसार तपशिल अनुसारको विज्ञापन/सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र.सं. | तह | विज्ञापन नं. | संख्या | विषय | | | | | पारिश्रमिक (मासिक) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाली | अंग्रेजी | गणित | विज्ञान/गणित | सामाजिक | |
| १ | निम्न माध्यमिक | १०१/०७५-७६ | २३ | ४ | ३ | २ | ७ | ७ | १७०००।- |
| २ | माध्यमिक | २०१/०७५-७६ | ८ | ५ | २ | - | - | १ | २३०००।- |

**उम्मेदवारमा हुनुपर्ने आवश्यक न्युनतम योग्यता**

- निम्न माध्यमिकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, माध्यमिकको लागि सम्बन्धित विषयमा स्नातक गरेको,
- सम्बन्धित तह वा माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र,
- नेपाली नागरिकताको प्रतिलिपी,
- दरखास्त फाराम बुझाउने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**उम्मेदवारले अनिवार्य रुपले पेश गर्नु पर्ने कागजातहरु**

गुलरिया नगरपालिका
बर्दिया
२०७२

- नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम ।
- परीक्षा दस्तुर बापतको रकम निमाविको लागि रु७००।- र माविको लागि रु१०००।- बुझाएको नगदी रसिद ।

**पुनश्चः**

- दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।
- दरखास्त फाराममा उल्लेखित विवरणहरु भरी साधारण फाइलमा उम्मेदवारको नाम, थर तह, विषय समेत लेखि तोकिएका कागजातहरु सहित बुझाउनु पर्नेछ ।
- परीक्षाको किसिमः (क)लिखित परीक्षा (ख)अन्तर्वार्ता
- दरखास्त फाराम पेस गर्ने अन्तिम मितिः२०७५ माघ ८ गते सम्म ।दोब्बर दस्तुर तिरी फाराम भर्ने व्यवस्था गरिएको छैन ।
- लिखित परीक्षा हुने मितिःछनौट समितिले तोक्नेछ उक्त सूचना नगरपालिकाको Notice Board र www.gulariyamun.gov.npमा माघ १० गते प्रकाशित गरिनेछ ।
- परीक्षा केन्द्रः गुलरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय ।
- अन्तरवार्ताको मिति र स्थानः छनौट समितिको निर्णयानुसार मिति र स्थानको सूचना लिखित परीक्षाको दिन प्रकाशित गरिनेछ ।
- कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।
- कुनै उम्मेदवारले झुट्टा विवरण(कागजात)पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुनसुकै बखत रद्द गरी कानुन बमोजिम कारवाही गरिने छ ।
- उम्मेदवारहरु यस विज्ञापनमा उल्लेख भएका कुराहरुको अतिरिक्त प्रचलित ऐन नियम र शिक्षक सेवा आयोग नियमावली २०५७(संशोधनसहित)को नियम १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
- दरखास्त फाराम गुलरिया नगरपालिकाको वेबसाइट www.gulariyamun.gov.np र पाठ्यक्रम शिक्षक सेवा आयोगको वेबसाइट www.tsc.gov.npबाट डाउनलोड गर्न सकिने छ ।

रामचन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

गुलरियाँ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बर्दिया

यहाँ फोटो टाँसी फोटोमा पर्नेगरी उम्मेदवारको सही

**नगरपालिकाको स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त हुने शिक्षकहरुको दरखास्त फाराम,२०७५**

विज्ञापन नं......................... पद............ तहः निम्नामाध्यमिक/माध्यमिक विषयः...............

| | |
|---|---|
| उम्मेदवारको नाम, थर | |
| बाबुको नाम | |
| आमाको नाम | |
| जन्ममिति र हालको उमेर | |
| हालको स्थायी ठेगाना | |
| नागरिकता नम्बर र जारी गर्ने जिल्ला | |
| न्युनतम शैक्षिक योग्यता र प्राप्ताङ्क प्रतिशत | |
| स्थायी अध्यापन अनुमति पत्र नम्बर | |
| स्थायी अध्यापन अनुमति पत्र लिएको तह | |
| कार्यरत विद्यालयको नाम र ठेगाना | |
| दरखास्त फाराम भर्ने तह र विषय | |
| सम्पर्क नम्बर | |

माथि उल्लेखित विवरणहरु सही साँचो हुन।झुट्टा ठहरिए कानुन बमोजिम सहुँला बुझाउँला भनी हस्ताक्षर भनी हस्ताक्षर गर्ने उम्मेदवारको हस्ताक्षर..................

रो. नं................

दायाँ बायाँ

.................................................................................................................................

गुलरिया नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बर्दिया

फोटो

काजजात झुट्टा ठहरिएमा प्रवेशपत्र जुनसुकै बखत रद्द गर्न सकिने छ

## प्रवेश-पत्र

**रोल नं........................**

विज्ञापन नं......................

उम्मेदवारको हस्ताक्षर...............

उम्मेदवारको नाम थरः........................... पद...............

तहःनिम्नमाध्यमिक/माध्यमिक विषयः..................

दरखास्त रुजु गर्नेको हस्ताक्षर..................

दरखास्त स्वीकृत गर्नेको हस्ताक्षर..............

प्रमुख प्रशासकिय अधिकृत